STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

बालबालिकालाई पढ्न पठाऔं, उनीहरुको सुखद भविष्यलाई सुनिश्चित गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❑ वर्ष २२ ❑ अङ्क १६६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असार १५ गते मंगलबार ❑ 29 June 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## कालीगण्डकी डाइभर्सन आयोजना तत्काल रद्ध गर्न माग

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ असार**

प्रदेश र प्रदेशवासीको हित विपरीत संघ सरकारले कालीगण्डकी डाइभर्सन आयोजना कार्यालय खुलेपछि सर्वत्र विरोध भएको छ।

यसै विषयमा गण्डकी सरकारले सोमबार सर्वपक्षीय /सर्बपक्षीय बैठक गरेको छ । बैठकमा सहभागी राजनीतिक दल, नागरिक समाज र संघसंस्थाका प्रतिनिधिले एक स्वरमा उक्त आयोजनाको विरोध गरेका छन् । उनीहरुले यो आयोजना तत्काल रद्ध गर्न संघ सरकारसँग आग्रह गरेका छन् । बैठकपछि सहभागी सबैले साझा अवधारणासमेत सार्वजनिक गरेका छन्। बैठकपछि जारी निर्णयमा भनिएको छ, ' भौगोलिक, सांस्कृतिक, पर्यावरणीय, राजनीतिक, आर्थिक, सामाजिक र ऐतिहासिक महत्व बोकेको कालीगण्डकी नदी डाइभर्सन योजना समग्र कालीगण्डकी प्रश्रवण (प्रवाह) क्षेत्रका लाखौं नागरिकको भावना विपरीत भएकाले हामी एक स्वरमा विरोध गर्छौं।'

भौगोलिक, सांस्कृतिक, पर्यावरणीय, राजनीतिक, आर्थिक र सामाजिकमात्र नभई ऐतिहासिक महत्व बोकेको कालीगण्डकी नदी मात्र होइन सभ्यता पनि रहेकाले चितवनदेखि धादिङ हुँदै पाल्पासम्म फैलिएको कालीगण्डकी प्रश्रवण क्षेत्रको अस्तित्व जोगाउने जिम्मा हामी सबै प्रदेश वासीको रहेको सहभागीले जोड दिएका छन् । विज्ञप्तिमा यी तमाम विषयवस्तुको ख्यालै नगरी संघ सरकारले कालीगण्डकी बहुउद्धेश्यीय डाइभर्सन योजना अगाडि सारेपछि गण्डकी प्रदेशवासी र कालीगण्डकी तटका बासिन्दालाई झस्काएको छ । नेपाल सरकारका उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले असार १२ गते उक्त आयोजनाको कार्यालय बुटबलमा उद्धाटन गरेका छन् । गण्डकीका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले प्रदेश सरकारले आफ्नो धारणा सार्वजनिक गरिसकेको र सबै राजनीतिक दल, संघ संस्थाको साझा अवधारणा बनाउन बैठक डाकिएको बताए।



कालीगण्डकी वरपरका क्षेत्रका बासिन्दा मात्र नभएर समग्र प्रदेश वासीको साथ लिएर आफू अगाडि बढ्ने उनले प्रतिबद्धता जनाएका छन् । प्रतिपक्षमा रहेका बेलामा समेत आफूले यसका बारेमा आवाज उठाएको भन्दै यसका यो आयोजनाका बारेमा सिंगो प्रदेश सभाको एक स्वर रहेको समेत बताए । कार्यक्रममा माओवादी केन्द्र प्रदेश अध्यक्ष हितराज पाण्डेले चुनाव घोषणा गरेको सरकारे थालेको यो योजनाले समग्र मुलुकवासीलाई चिन्तित तुल्याएको बताए। उनले भने, 'यसले हामीलाई तरंगित बनाएको छ । नदीको प्राकृतिक बहावलाई रोक्नु हुँदैन।' २ प्रदेशको सीममा बग्ने नदीका बारेमा यति ठूलो निर्णय गर्दा प्रदेशसँग कुनै सल्लाह नगरी आएकाले यो कदम संघीयताको विरोधमा रहेको उनले बताए । गण्डकी छेउछाउका उब्जाउ टारलाई सुख्खा बनाउने षद्यन्त्रबाट यो आयोजना निर्देशित रहेको उनको भनाइ थियो । उनले भने, 'आत्मनिर्भर अर्थतन्त्रका लागि व्यवस्थित गर्नुको साटो डाइभर्सन गर्ने भनिएको छ । यो कसरी सम्भव हुन्छ ?' नेपाली कांग्रेस संसदीय दल सचेतक मणिभद्र शर्मा कँडेलले संघीय सरकारको प्रभावशाली मन्त्रीले चुनावलाई प्रभाव पार्ने तरिकाले यो योजना अगाडि सारिएको बताए । उनले भने, 'यो यसंघीयताको विरुद्धमा छ, सहमति, सहअस्तित्वको भावना विपरीत छ। सामाजिक, सांस्कृतिक सम्पदा खल्बलिन दिनु हुँदैन ।' जसपा गण्डकी अध्यक्ष मोति रिजालले योजनाले पार्ने असरका बारेमा अध्ययन समेत नगरी सुरु गरिएको आयोजना कुनै हालतमा अगाडि बढ्न दिन नहुने बताए । उनले भने,'नदीको मुहान पनि यही प्रदेशमा पर्छ, पुछार पनि यही प्रदेशमा पर्छ।

कानुनी हकले पनि यसलाई अन्त मोड्न सकिँदैन । यसले भविष्यमा दिने लाभका बारेमा विस्तृत अध्ययन हुनु पर्दैन ?' राजमो गण्डकी प्रदेश अध्यक्ष शंकर बरालले नदीको पर्यटकीय र सांस्कृति महत्व जोगाउने दायित्व प्रदेश सरकारको हो भन्दै कालीगण्डकीलाई यथोचित रुपमा बग्न दिनुपर्ने बताए।

पोखरा पर्यटन परिषद अध्यक्ष गोपीबहादुर भट्टराईले पर्यापर्यटन जोगाउन प्रदेशवासी एक हुन आग्रह गरे । उनले भने, ' तटीय क्षेत्रलाई मरुभूमिकरण गर्ने षद्यन्त्र हो यो, भावी पुस्ताका लागि यसलाई जोगाउनु पर्छ।' संरक्षण अभियन्ता कुलराज

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## कास्कीमा निषेधाज्ञा सहज हुदै

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ असार**

पोखरा सहित कास्कीमा यही असार १६ गते देखि निषेधाज्ञा थप खुकुलो हुने भएको छ।

कास्कीका प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमको अध्यक्षतामा सोमबार जिल्ला कोभिड १९ व्यबस्थापन समिति (डिसिएमसी) को पोखरामा बसेको बैठकले सवारी साधन जोर बिजोर र सिमित पसलहरु विहान ११ बजे देखि साँझ ६ बजेसम्म खुल्न दिने निर्णय गरेको हो।

नयाँ भेरियन्ट सहितको कोरोना भाइरस (कोभिड–१९) को संक्रमण रोकथाम र नियन्त्रणको लागि कास्कीमा पनि निषेधाज्ञा भएको दुई महिना पछि थप खुकुलो हुने भएको जिल्ला प्रशासन कर्यालय कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी श्रीनाथ पौडेलले बताए । निजी तथा सार्वजनिक सवारी साधनहरु संचालन गर्दा आवश्यक स्वास्थ्य मापदण्ड पालना गर्दै जोर बिजोर प्राणाली अनुसार संचालन हुने भएको सहायक प्रजिअ पौडेलले जनाए। निजी सवारी साधन जिक, कार, भ्यान र सार्वजनिक सवारी साधन ट्याक्सिमा अधिकतम चालक सहित ४ भन्दा बढी राख्न नपाउने आदेश जारी गरे गरेको छ। असार १६ गतेसम्म देखि विहान ५ देखि साँझ ६ बजेसम्म खाद्यन्न, फलफुल तरकारी, लगायतका दैनिक उपभोग्य बस्तुका पसलहरु संचालन हुन पाउने भएका छन । जनताको दैनिक सेवा प्रवाह हुने सरकारी तथा संघ संस्थाका कार्यालयहरुले कर्यालयको प्रकृति, अबस्था हेरी कार्यालय प्रमुखले आफै व्यबस्थापन गर्न र बैंक तथा वित्तिय क्षेत्रमा समेत सिमित कर्मचारीको आधारमा सेवा प्रवाह गराउनु प्रशासनले जारी गरेको विज्ञेप्तिमा उल्लेख छ।

कास्की जिल्लाको हकमा मात्र जोर बिजोर प्रणालीमा सवारी साधनहरु संचालन हुने भएको छ । लामो दुरीका सवारी साधनहरु भने अझै संचालन हुन सक्ने अवस्था भएको छैन । सिनेमा हल, पार्टी प्यालेस, होटल, रेष्टुरेण्ट, चिया तथा खाजा पसल,फनपार्क, डान्स, वार, दोहोरी साँझ, रंगशाला, फुटसल, स्पाः, सुइमिङपुल, व्यूटि पालर, फुटपात पसलहरु संचालन नगर्न प्रशासनले आदेश जारी गरेको छ । बिद्यालय तथा क्याम्पसहरुमा पठन पाठन र परिक्षा संचालन नगर्न र सम्भव भएमा अनलाइन कक्षा संचालनको लागि मात्र प्रशासनले अनुमति दिएको छ। विवाह प्रतवन्ध लगायतका अन्य संकारजन्य कार्य गर्दा बढीमा १५ जना अनिवार्य स्वास्थ्य मापदण्ड पालना गर्न प्रशासनले आग्रह गरेको छ।

मठ, मन्दिर मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थल, नित्य पूजा गर्ने मठ मन्दिर, पूजा ध्यान केन्द्र र प्रार्थना, प्रशिक्षण केन्द्रहरु संचालन नगर्न कास्की प्रशासनले आदेश जारी गरेको छ। स्वास्थ्य , सुरक्षा, संचार, बिद्युत, खानेपानी, औषधि तथा औषधिजन्य उत्पादन तथा बिक्रि वितरण लगायतका अत्यावसेक सेवा तथा कार्य गर्ने बाहेक अन्य सरकारी तथा गैरसरकारी कार्यालयबाट प्रदान गरिने सेवाहरु प्रवाह नगर्ने प्रशासनबाट आदेश जारी भएको सहायक प्रमुख जिल्ला अधिकारी पौडेलले जनाए। प्रशासनले जारी गरेको निर्देशनलाई पालना नगरे स्थानिय प्रशासन ऐन २०२८, संक्रामक रोग ऐन, २०२० एवं अन्य प्रचलित कानून बमोजिम कारवाही गरीने भएको कास्कीका प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमले चेतावनी दिएका छन्। वैशाख १५ गते विहान ६:०० बजे देखि कास्कीमा निषेधाज्ञा सुरु भएको हो।

## गण्डकी प्रदेश मुख्य न्यायाधिवक्तामा रोहितराज बास्तोला

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ असार**

गण्डकी प्रदेशको मुख्य न्यायाधिवक्तामा अधिवक्ता रोहितराज बास्तोला नियुक्त भएका छन्।

मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुख सीताकुमारी पौडेलले सोमबार वास्तोलालाई मुख्य न्यायाधिवक्तामा नियुक्त गरेकी हुन् । पोखराका बास्तोला २५ वर्षदेखि कानून व्यवसाय क्षेत्रमा क्रियाशील रहेका छन् । उच्च अदालत बार एसोसिएसन पोखराका पूर्व अध्यक्ष समेत रहेका बाँस्तोला डेमोक्रयाटिक लयर्स एसोसिएसन कास्कीका पूर्व अध्यक्ष हुन्।

मुख्य न्यायाधिवक्ता प्रदेश सरकार र मुख्यमन्त्रीको मुख्य कानूनी सल्लाहकार हो।

## 'माधव नेपाललाई प्रधानमन्त्री प्रस्ताव गरिएको छैन'

**रासस**
**काठमाडौं, १४ असार**

प्रधानमन्त्री केपी शर्मा ओलीले आफूले नेता माधवकुमार नेपाललाई प्रधानमन्त्री बन्न प्रस्ताव नगरेको स्पष्ट गरेका छन्।

जननेता मदनकुमार भण्डारीको ७० औं जन्मजयन्तीका अवसरमा मदन भण्डारी फाउण्डेसनद्वारा आज आयोजित मदन भण्डारी राष्ट्रिय पुरस्कार वितरण तथा पुस्तक विमोचन कार्यक्रमलाई सम्बोधन गर्दै नेकपा (एमाले) का अध्यक्ष ओलीले प्रश्न गरे, "माधव नेपाल प्रचण्डको मामुली कार्यकर्ताका हुन् । अहिले धाक के लगाएर हिँडेका छन्- केपी ओलीले मलाई प्रधानमन्त्रीको प्रस्ताव राख्यो भनेर । मलाई बहुला कुकुरले टोकेको छ र ? नेपालमा कोही नभेट्टाएर यस्ता मान्छेलाई प्रधानमन्त्रीको प्रस्ताव केपी ओलीले राख्ला ?" केही अघि विपक्षी गठबन्धनको पत्रकार सम्मेलनमा नेता नेपालले आफूलाई प्रधानमन्त्रीको 'अफर' आएको तर देउवालाई धोका नदिने जनाउनुभएको थियो।

नेता नेपालले २०६३ सालमा हिमाल टाढाबाट देख्दा मात्रै राम्रो देखिन्छ भन्ने खालका मदन भण्डारीको अवमूल्यन गर्ने अभिव्यक्ति दिएको र आफूलाई आवश्यक पर्दा मात्र भण्डारीको नाम लिने गरेको अध्यक्ष ओलीले जनाए।

प्रधानमन्त्री ओलीले भने, "माधव नेपाललाई कानमा भजनको चिनी हालिदिएको मन पर्छ। कहिले शेरबहादुर देउवा र कहिले प्रचण्डले त्यस्तो चिनी हालि दिएका छन्।"

उनले नेता भण्डारी नामले नै एउटा विचार एउटा आन्दोलन, एउटा राजनीतिक हिसाबले सुसभ्य सुसंस्कृत विकसित राष्ट्र निर्माण गर्ने सहीप्रयासको संगम जनाउने धारणा राख्दै भण्डारीका विचारलाई कार्यान्वयन गर्नुपर्ने उत्तरदायित्व पूरा गर्न भने बाँकी नै रहेको बताए। भण्डारी सही विचार चिन्तक हुनुका साथै तिनको कार्यान्वयनका लागि अगुवाइ र संगठित प्रयास गर्ने व्यक्ति भएको जनाउँदै त्यसैले केही वर्षअघि सञ्चारमाध्यमले गरेको सर्वेक्षणले २० औं शताब्दीको नेपाली राजनीतिलाई सबै भन्दा बढी प्रभावित गर्ने भण्डारी शताब्दी नायक भएको बताए।

## थप दुई हजार ४४४ मा कोरोना संक्रमण पुष्टि

**रासस**
**काठमाडौं, १४ असार**

पछिल्लो २४ घण्टामा मुलुकभर दुई हजार ४४४ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार देशभर पिसिआर र एन्टिजेन बिधिबाट ११ हजार ६४० जनाको परीक्षण गर्दा सो पुष्टि भएको हो।

छ हजार ६४८ जनाको पिसिआर बिधिबाट परीक्षण गर्दा एक हजार ५०९ र चार हजार ९९२ जनाको एन्टिजेन बिधिबाट परीक्षण गर्दा ९३५ जनामा कोरोना सङक्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ। यसैगरी पछिल्लो २४ घण्टामा मुलुकभर तीन हजार ८५३ जना संक्रमित निको भएका छन् भने ४२ जनाको कोरोनाबाट निधन भएको छ।

## गण्डकीलाई सडक मानवमुक्त प्रदेश बनाइने

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ असार**

गण्डकीका शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्री कुमार खड्काले प्रदेशलाई सडक मानवमुक्त बनाउने र कोभिडबाट अभिभावक गुमाएका बालबालिकालाई नगद राहत उपलब्ध गराउने निर्णय गरेका छन् । आइतबार मन्त्रालयमा पदभार गर्दै गर्दा उनले उक्त निर्णय गरेका हुन्।



सडकमा कोही पनि नागरिकले बास बस्नुपर्ने अवस्था नरहोस् भनेर यस्तो निर्णय गरिएको खड्काले बताए। 'सबै नागरिकको बाँच्न पाउने अधिकार छ। संविधानले दिएका अधिकार सरकारले उपलब्ध गराउनुपर्छ,' उनले भने, 'मानव सेवा आश्रमहरु जस्ता संस्थासँग सहकार्य गरेर सडकमा भएका नागरिकलाई आश्रममा राख्ने र त्यसको दायित्व प्रदेश सरकारले व्यहोर्ने निर्णय गरेका छौं।' सरकारले नीति तथा कार्यक्रम र बजेटबाट कोरोना भाइरसका कारण बाबु आमा गुमाएका बालबालिकालाई ५ हजारका दरले मासिक राहत उपलब्ध गराउने घोषणा गरेको थियो । यसलाई कार्यान्वयनको चरणमा अघि बढाइएको छ । 'लागत निकालेर शीघ्र उनीहरुको खातामा पैसा पठाउने निर्णय गरेको छ । हामीसँग आँकडा छैन। पहिले त्यो निकाल्नुपर्‍यो,' उनी भन्छन्, 'कार्यविधिमा अरु कुरा खुलाइन्छ । संविधानले तोकेको समूहलाई बालबालिका मानेर हामी रकम दिन्छौं।'



# आनन्दको आँगनमै फेवा

पोखरापत्र संवाददाता
पोखरा, १४ असार

पोखरा बैदामका आनन्द कुँवरलाई सानैदेखि पौडी खेलप्रति रुचि थियो । पौडिनका लागि अहिलेजस्तो स्वीमिङ पुल भने हुन्थेनन् । तैपनि आँगनमै फेवाताल थियो । एक दिन तालवाराही छेउमा पौडिनेक्रममा काठमाडौंबाट घुम्न आएका कोचको नजरमा उनी परे । र, पहिलोचोटि २०५२ सालमा पश्चिमाञ्चलबाट राष्ट्रिय खेल खेल्ने अवसर जुर्‍यो । २६ वर्षसम्मको खेलजीवनमा उनले राष्ट्रिय-अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा भाग लिए । आठौं साफमा उनले नेपाललाई पदक जिताउनसमेत सफल भए । २०६१ सालसम्म प्रतियोगितामा भाग लिएका उनी त्यसयता प्रशिक्षणमा व्यस्त छन् । यसबीचमा ४ सय जनाभन्दा बढीलाई पौडी सिकाइसकेको उनको दाबी छ । बाबु डिलबहादुर र आमा सन्तु कुँवरका सुपुत्रका रुपमा उनको जन्म २०३१ सालमा भएको हो । घरको आर्थिक स्थिति कमजोर नै थियो । डाइटको लागि र पोशाकको लागि उनले फेवामा डुंगासमेत चलाए । स्कुलेजीवनमा



उनले फुटबल, भलिबल, एथलेटिक्स पनि खेले । तर जीवन पानीमै बित्यो । खेलमा उनको एचिभेन्ट हेर्दा आठौं साफमा नेपालका लागि कास्य पदक जिते भने भारतमा भएको १३ औं एशिया प्यासिफिक स्वीमिङ तथा डाइभिङ प्रतियोगितामा देशको प्रतिनिधित्व गरे । सातौं साफमै पनि उनी क्लोज क्याम्पमा पर्न सफल भएका थिए ।

यस्तै सन् १९९६ मै फेवातालमा भएको सातौं स्टार अन्नपूर्ण टाइथनमा सहभागिता, नवौं राष्ट्रिय पौडी प्रतियोगितामामा २ रजत र ३ कास्य, १० औं राष्ट्रिय पौडी प्रतियोगितामा ३ रजत र २ कास्य, चौथो राष्ट्रिय खेलकुदमा ३ रजत, दीपेन्द्र जन्मोत्सव कप पौडी प्रतियागितामा १ स्वर्ण र २ रजत हात पारे । बेगनासमा २०५५ मा सम्पन्न खुला पौडी प्रतियोगितामा स्वर्ण पदक जित्न सफल भए । यसरी पौडी खेलमा उनको योगदानको कदर गर्दै २०५६ मा राजा वीरेन्द्रबाट गोर्खा दक्षिणबाहु पाँचौबाट विभूषित समेत भएका थिए । उनले फिना कोर्स, ओलम्पिक सोलिडारिटी कोर्स फर कोच एण्ड रेफ्री, फस्ट एड/लाइफ गार्डिङ/पिसीआर कोर्सलगायत थुप्रै तालिमसमेत लिएका छन् । घरको आर्थिक अवस्था सुधार्न उनी २०५८ सालपछि ३ वर्ष खाडी मुलुकमा पनि रोजगार गर्न गए ।

जीवन नै पौडीमा बिताएका कास्की पौडी संघका सचिव आनन्द कुँवरले गण्डकी बोर्डिङ स्कुलमा २ सय, पश्चिम पृतनामा ६०, फेवाताल र अन्य पुलहरुमा करिब २ सय जनलाई प्रशिक्षण दिइसकेको बताउँछन् । नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको आयोजनामा हुने पाँचौ पोखरा स्पोर्टस् अवार्डको वर्ष उत्कृष्ट प्रशिक्षक विधामा मनोनीत कुँवरले मनोनयन भएकोमा आफूलाई निकै खुसी लागेको प्रतिक्रिया दिए । यो विधामा उनीसहित फुटबलका किरण श्रेष्ठ र बक्सिङका सुरेश मल्ल ठकुरी प्रतिष्पर्धामा छन् ।

# कालीगण्डकी...

चालिसेले हिमालभन्दा पुरानो इतिहास बोकेको कालीगण्डकीका बारेमा यति ठूलो निर्णय गर्दा सरकारले कसैसँग सरसल्लाह नगर्नु निकै दुखपूर्ण रहेको बताए । यसले पोखराको पर्यटकीय मेरुदण्डमाथिको प्रहारमात्र होइन । कालिगण्डकीकरिडोररशालिग्राम करिडोरको अस्तित्वमाथि नै खतरा निम्त्याएको भनाइ राखे ।

डा. अनिल सुवेदीले पारिस्थितिकीय प्रणाली नै खलबलाउने गरी यो काम हुन लागेको भनाइ राखे । उनले भने,' जलचर र जैविक विधिताको मुभमेन्ट त्यससँग जोडिएको हुन्छ । जलचरको रुटमा असर पर्छ । फ्लोरा र फाउनमा असर पर्दछ । जैविक विविधता करिडोर पनि हो यो ।' डा. रामचन्द्र बरालले गण्डकी त्रिकोणले धेरै ठूलो सभ्यता बोकेको भन्दै बोन, बुद्धिष्ट र सनातन हिन्दुको आस्था जोडिएको यो नदी खण्डित गर्दा जैविक विविधता त नष्ट हुन्छ बताए ।

राजमोका प्रदेश सभा सदस्य पियारी थापाले कालीगण्डकी डाइभर्सन पर्यावरणमाथिको ठूलो हमला हो भन्दै नदीजन्य सभ्यता मासेर मरुभूमीकरण गर्ने षढ्यन्त्रको विरोध गर्नुपर्ने बताइन् । नेपाल उद्योग वाणिज्य महासंघ पूर्व अध्यक्ष आनन्दराज मुल्मीले एउटा प्रदेश सिञ्चित गर्दा अर्को प्रदेशमा मरुभूमीकरण गर्ने योजना कुनै हालतमा आगाडि बढ्न दिन नहुने बताए । पूर्व मन्त्री एवं माओवादी संसदीय दलका नेता हरिबहादुर चुमानले यो आयोजना सभ्यता र संस्कृतिको विरुद्धमा रहेको बताए ।

कार्यक्रममा नागरिक समाज कास्कीका रामबहादुर पौडेल, कास्की कांग्रेस सभापति कृष्ण केसी, उपसभापति बृजमान गुरुङ, सचिव देवेन्द्र रानाभाट, एमाले( माधव समूह) कास्की अध्यक्ष धनराज आचार्य, जसपा प्रदेश इन्चार्ज गणेशमान गुरुङले भनाइ राखेका थिए ।

यसैगरी कांग्रेस सांसद दोबाटे विश्वकर्मा, पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष नारायण कोइराला, गैसस महासंघ प्रदेश अध्यक्ष बिना सिलवाल, पत्रकार महासंघ गण्डकीका महासचिव गोविन्द सुवेदी, कास्की जिल्ला अध्यक्ष विमला भण्डारी, राप्रपाका पञ्चराम गुरुङ, जसपा जिल्ल्ला अध्यक्ष गिरिप्रसाद गुरुङ, शान्तिका लागि नागरिक समाज सञ्जालका अध्यक्ष विष्णुप्रसाद बराल लगायतले एक स्वरमा उक्त आयोजनाको विरोध गरे ।

# नेलम्बो नेपालद्वारा शुक्रराज मा.वि.लाई स्वास्थ्य सामाग्री सहयोग

पोखरापत्र संवाददाता
पोखरा, १४ असार

पोखरा २२ (पुम्दीभुम्दी) स्थित शुक्रराज मा.वि.लाई पोखरा ४ गैह्रापाटनमा रहेको नेलम्बो नेपालले स्वास्थ्य सामाग्री सहयोग हस्तान्तरण गरेको छ ।

मेडिकल माक्स, फेस सिल्ड, केएन ९५ माक्स, सेनिटाईजर, हेण्ड फ्रि सेनिटाइजर स्ट्याण्ड, थर्मल गन, हात धुने साबुन, स्प्रे बोतल र कोभिड १९ सम्बन्धी सचेताना ब्रोसर गरि करिब २७ हजार १ सय ६० रुपैया मुल्य बराबरको स्वास्थ्य सामग्रीहरु नेलम्बोले बिद्यालयलाई सहयोग गरेको हो ।

नेलम्बो नेपालका अध्यक्ष एक देवकोटा र कार्यक्रम संयोजक डा.कसन कोइरालाले विद्यालयका प्रधानाध्यापक नरनाथ वराललाई उक्त स्वास्थ्य सामाग्री सहयोग हस्तान्तरण गरेका हुन् । विद्यालयले शैक्षिक शत्र ७८/७९ का लागि नयाँ कक्षा भर्ना अभियान भौतिक रुपामा विद्यालयका शिक्षकहरुको आंशिक उपस्थितिमा भईरहेको हुँदा स्वास्थ्य मापदण्ड अपनाई कार्य गर्न सहज होस भन्ने हेतुले उक्त सहयोग गरिएको अध्यक्ष देवकोटाले जनाए । प्रधानाध्यापक वरालले यस विषम् परिस्थितिमा विद्यालयको कोभिड १९ सम्बन्धी स्वास्थ्य सामग्री खरिद गर्ने बजेट नहुदाँ स्वास्थ्य सामग्रीहरु खरिद गर्न नसकि स्वास्थ्य मापदण्ड समेत पालना गर्न नसकेको अवस्थामा नेलम्बो नेपाल आई सहयोग गरेको प्रति धन्यवाद व्यक्त गरे । शिक्षा स्वास्थ्य र वातावरणको क्षेत्रमा काम गर्दै आउने क्रममा १ वर्ष आगाडी देखि विश्व महामारीको रुपामा फैलिएको कोरोना भाईरस कोभिड १९ रोगको रोकथाम तथा व्यवस्थापनको लागि नेलम्बो नेपाल लाग्दै आएको देवकोटाले जनाए । अग्रभागमा खटिने स्वास्थ्य कर्मी, सुरक्षा कर्मी र संचारकर्मीहरुलाई स्वास्थ्य सुरक्षाका सामग्रीहरु प्रदान गरेको नेलम्बो नेपालले विभिन्न स्थानीय तह, स्वास्थ्य चौकी, सहरी स्वास्थ्य इकाई, सरकारी कोभिड अस्थाई अस्पताल, जस्ता स्थानमा स्थास्थ्य सामग्रीहरु प्रदान गर्दै आइरहेको छ । जिल्ला प्रशासन कार्यालयको अगाडी दैनिक रुपाम हेल्प डेक्स राखी माक्स तथा सेनिटाइजर निःशुल्क रुपमा हस्तान्तरण गरेको छ । बन्दा बन्दीका कारण अति विपन्न, शारिरिक रुपमा आपाङ्गता भएका मानिसहरुलाई खाद्य राहात साममग्रीहरु गण्डकी प्रदेश मै हस्तान्तरण गरेको छ ।

# खेलाडीहरुलाई कोरोना खोप लगाउन सुरु

पोखरापत्र संवाददाता
पोखरा, १४ असार

नेकपा एमाले निकटको भातृसंस्था नेपाल खेलकुद महासंघले खेलाडीहरुलाई कोरोना बिरुद्धको खोप लगाउन सुरु गरेको छ ।

भलिवलका राष्ट्रिय खेलाडी, वाल्डकार्ड छनौट भएका खेलाडी राखेपका प्रशिक्षक एवं कर्मचारीलाई समेत कोरोना बिरुद्धको खोप लगाउन सुरु गरिएको राखेप सदस्य सम्पन्न श्रेष्ठले बताए ।

उनका अनुसार पहिलो दीनमा आइतबार भलिवलकी राष्ट्रिय खेलाडी (कप्तान) अरुणा शाही, प्रतिभा मालि, फुटवलका विराज महर्जन लगायतका करिब २ सय ५० जनालाई कोरोना बिरुद्धको खोप लगाइएको श्रेष्ठले जनाए । बागमती प्रदेश सहित देशका ७ वटै प्रदेशको लागि नेपाल सरकार समक्ष ५ हजार खोपको माग गरिएको महासंघका उपाध्यक्ष सुवास श्रेष्ठले बताए । महासंघले देशका अन्य प्रदेशमा पनि बागमती प्रदेश पछि जाने तयारी गरेको छ ।




# खोपको व्यवस्था गर्ने आश्वासन पाएपछि ग्यास विक्रेताहरुले यथावत सेवा दिने

पोखरापत्र संवाददाता
पोखरा, १४ असार

एल.पि. ग्याँस विक्रेता संघ कास्कीको माग वमोजिम कोरोना विरुद्धको खोप व्यवस्था गर्ने आश्वासन पाएपछि व्यवसायीले यथावत रुपमा सेवा सुचारु गर्ने भएको छन् ।

ग्याँस विक्रेता संघ कास्कीले आफ्ना व्यवसायीहरु घर-घर सम्म ग्याँस पुर्‍याउन जाँदा कोरोना संक्रमणको उच्च जोखिम हुने भन्दै कोरोना विरुद्ध खोप लगाउने व्यवस्था गर्न जिल्ला प्रशासन कार्यालय कास्की र प्रदेश सरकारको स्वास्थ्य मन्त्री समक्ष माग राखेका थिए । आफ्नो माग सम्वोधन नगरिएपछि असार १० गतेबाट ग्याँसको आपूर्ति व्यवस्था वन्द गर्ने निर्णय गरेका थिए ।

सोमवार प्रदेश स्वास्थ्य मन्त्री मधु कुमारी अधिकारी र कास्कीका प्रमुख जिल्ला अधिकारी स्थानेश्वर गौतमसँग भएको छलफलमा अवको लट आउँदा खोप व्यवस्था गर्ने कार्यलाई अगाडि वढाउने सहमती भएपछि एल.पि. ग्याँस विक्रेता संघले आफ्नो आन्दोलन फिर्ता लिएको हो । एल.पि. ग्याँस विक्रेता संघ कास्की अध्यक्ष वालकृष्ण कोइरालाले आजैबाट कास्कीका डिपोहरुले कम्पनीबाट ग्याँस उठाएर आपूर्ति व्यवस्था सहज वनाउने प्रतिकृया दिए । कोइरालाका अनुसार कास्कीमा हाल करिव ५५ वटा डिपो र करिव ९ सय खुद्रा विक्रेता रहेका छन् । कास्कीमा नेपालका विभिन्न १८ वटा कम्पनीका गयाँस डिपो रहेका छन् ।

ग्याँसको डिपो र खुद्रा व्यवसायीमा कार्यरत व्यवसायी र कामदारलाई लगाउन करिव एक हजार खोप आवश्यक पर्ने अध्यक्ष कोइरालाले वताए ।

# घरभाडामा सहुलियत प्रदान गर्न पोखरा पर्यटन परिषद्को आग्रह

पोखरापत्र संवाददाता
पोखरा, १४ असार

कोभिड १९ का कारण पर्यटन व्यवसाय ठप्प भएपछि व्यवसायीलाई घरभाडा सहुलियत गर्न घरजग्गा धनीलाई पोखरा पर्यटन परिषद्ले आग्रह गरेको छ ।

परिषद्ले एक विज्ञप्ति जारी गर्दै बैंकबाट करोडौको ऋण लिएर व्यवसायमा लगानी गरेका व्यवसायीहरु विद्यमान परिस्थितीले व्यवसायबाट पलायन हुने अवस्था सृजना भएको जनाउँदै व्यवसायीलाई पलायन हुनबाट रोक्न घरभाडा सहुलियत गर्न आग्रह गरिएको हो । विज्ञप्तिमा भनिएको छ, 'कोभिड १९ को असर पूर्ण रुपमा हटेर पर्यटकीय गतिविधि सूचारु नभएसम्म कम्तीमा ५०% सहुलियत प्रदान गरी व्यवसायीलाई पलायन हुनबाट जोगाउन घरधनीलाई परिषद अपिल गर्दछ ।' गत वर्ष चैत ११ गतेबाट शुरु गरिएको बन्दाबन्दी सरकारले २०७७ असारबाट केही खुकुलो बनाउँदै लगेपछि छिटफुट रुपमा आन्तरिक पर्यटनका गतिविधि हुन थालेका थिए । पुनः दोस्रो चरणको भेरियन्ट देखिएपछि २०७८ वैशाखको १५ बाट सरकारले निषेधाज्ञा जारी गरे पश्चात पर्यटन क्षेत्र पूर्ण रुपमा ठप्प छ ।


# स्व पत्रकार गणेश पौडेलको परिवारलाई महासंघबाट आर्थिक सहयोग

पोखरापत्र संवाददाता
पोखरा, १४ असार

कास्कीका क्रियाशील पत्रकार स्व जगन्नाथ पौडेल(गणेश)का परिवारलाई पत्रकार महासंघले राहत स्वरुप आर्थिक सहयोग प्रदान गरेको छ ।

महासंघ कास्की शाखाका अध्यक्ष विमला भण्डारीले पौडेलका जीवनसंगीनी कृष्णमायालाई आज पौडेलको ४५ औं दिनको पुण्यतिथि पारेर रु ७५ हजार सहयोग हस्तान्तरण गर्नुभएको हो । कास्की शाखाबाट रु २० हजार, पत्रकार महासंघ केन्द्रबाट प्राप्त रु ३० हजार र प्रेस काउन्सिलबाट प्राप्त रु २५ हजार एकमुष्ट पौडेलको परिवारलाई हस्तान्तरण गरिएको शाखाका अध्यक्ष भण्डारीले जानकारी दिनुभयो । क्रियाशील पत्रकार पौडेललाई गत वैशाख ३० गते कोरोना संक्रमणबाट गुमाउनुपर्दा आफूहरु अत्यन्त दुःखित भएको बताउँदै अध्यक्ष भण्डारीले स्व पौडेलको परिवारजनसँग महासंघ सँधै साथमा रहिरने प्रतिवद्धता व्यक्त गर्नुभयो । पौडेलका बाँकी सपना पूरा गर्न र सदा स्मरणका लागि परिवारले गर्ने हरेक गतिविधिहरुमा महासंघको साथ र सहयोग रहने विश्वास भण्डारीले दिलाउनुभयो । पत्रकार महासंघसँग मिलेर स्व पौडेलको स्मरणमा केही काम गर्ने योजना परिवारको रहेको कृष्णमायाले बताउनुभयो ।

सहयोग हस्तान्तरण कार्यक्रममा पौडेलका परिवारका सदस्य सहित महासंघका उपाध्यक्ष रामप्रसाद तिमिल्सिना, जमुना वर्षा, सहसचिव श्रीराम सिग्देल र कोषाध्यक्ष कृष्ण दवाडी सहभागी हुनुभएको थियो ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

सुक्तिसुधा

न्यायमा ढिलो गर्नु अन्यायलाई स्वीकार्नु हो ।

–लेडस्टोन

## सम्पादकीय

# औपचारिकतामा धान दिवस

नेपालमा असार १५ लाई धान दिवस मनाउन थालेदेखि चामलको आयात बढ्दै गएको छ। नेपाल ४० वर्ष अघि चामल निर्यात गर्ने देशमा थियो। नेपालको मौलिक र रैथाने खेती प्रणालीलाई तहस नहस पारे पछि चामल आयात गर्ने मुलुकमा पर्न थालेको छ। नेपालको कृषि नीति देशलाई अघि बढाउने भन्दा विदेशी अनुदान लिने, घुमफिर गर्ने र प्रोजेक्ट चलाउनेमा सिमित हुन पुग्यो। कृषिमा सरकारले केही अनुदानको व्यवस्था गर्न थालेको छ। सारकारले दिने अनुदान प्रस्ताव बनाउन जान्नेले पाउने तर काम गर्न नआउने अवस्था छ। जसले काम गर्छ उसले प्रस्ताव बनाउन सक्दैन। जसलाई दिन पर्ने हो उसले नपाउने जसलाई नदिए हुन्छ उसले पाउने अवस्था विद्यमान छ।

कोरोनाले गर्दा कृषि नै बाच्ने मूलआधार हो भन्ने देखिएको छ। विदेशबाट बेरोजगार भएर आएका र देशभित्र रोजगारी गुमाएकाहरुले कृषिमा आउने आकालन गरेर नीति र कार्यक्रमहरु बनेका छन्। बजेटमा पनि कृषिमा केहि बढोत्तरी भएको छ। जति हुन पर्ने हो त्यो हुन सकेको छैन। कृषिलाई प्राथमिकतामा राखेर कार्यक्रम बन्न नसकेसम्म अवस्था फेरि पनि आयात मै निर्भर हुनसक्छ। गाउँमा काम गर्ने जनशक्तिको अभावमा पाखोवारी खाली छन्। नेपाल कृषि प्रधान देश भएको हुँदा अझैपनि धेरै जनसंख्या कृषिमा आश्रित छन्। नेपालको अर्थतन्त्रमा कृषिको योगदान विस्तारै कम हुँदै गएको छ। कृषिवालीमा सवैभन्दा मुख्य धान भएको हुँदा अर्थतन्त्रमा यस्को अंश उल्लेख्य छ। नेपालमा १३० जातका धान सुचित छन।धानको धेरै जात हुनु फरकफरक स्वादको माग हुनु हो।देशको अर्थतन्त्रमा धानको योगदान १ खर्व रहेको अनुमान छ। खाद्यन्नको रुपमा चमल नै मुख्य हुँदा उत्पादन वृद्धिले ठूलो अर्थ राख्ने गरेको छ।

नेपालले असार १५ लाई धान दिवसको रुपमा मनाउने गरेको छ। दिवस अवसर पारेर नेता र उच्च पदाधिकारी लगाएर रोपाईंमा सामेल भएको देखाउने गरेका छन्। केहि वर्षदेखि सहरबजारका युवापिँढिका लागि असार १५ हिलोमा खेल्ने मनोरञ्जनको साधन वनेको छ। रोपाईंको महत्वभन्दा हिलोमा खेलेर रमाउने र सामाजिक सञ्जालमा पोष्ट गर्ने गतिलो औजार भएको छ। आफ्नो खेतवारी बाँझो राख्ने, बाबुआमालाई नसघाउने पनि १ दिन हिलोमा टेकेर कृषिकर्मप्रति लागेको देखाउने गरेका छन्। वस्तविकता भन्दा देखावटिका लागि दिवस बन्ने गरेका छन्। धान दिवस मनाएपछि कति उत्पादन बढ्यो भन्ने कुनै तथ्याङ्क कृषि मंत्रालयले दिने गरेको छैन्। तथ्याङ्कका आधारमा नीति बनाउनुभन्दा हचुवाका भरमा लक्ष्य तोक्ने र हचुवाकै भरमा प्रचार हुने गरेको छ। धानको उत्पादकत्व बढाउनका लागि बनाइएका योजना वास्तविकतासँग मेल खान्छन् कि खाँदैनन् भनेर कहिल्यै समिक्षा हुँदैन्।

धानमा आत्मनिर्भर हुने घोषणा गरिएको छ। त्यसका लागि बनाइएका योजना, काम गर्नसक्ने जनशक्ति तयार नभएसम्म कार्यान्वयनमा आउन सक्दैन। नेपालमै श्रम गरेर जीवन धान्न सकिन्छ र त्यसवाट केहि नाफा पनि हुन्छ भन्ने सन्देश युवा शक्तिमा प्रवाह गर्न सक्नु पर्दछ। कृषिमा गरेको लगानिको प्रतिफल पाउने अवस्था छैन्। जति काम गरेपनि अवस्था उस्तै रहेपछि मोह भंग हुनु स्वभावीक हो। जमिनको खण्डीकरण, खेतीयोग्य जमिनमा घर घडेरी, सिचाईको अभावलाई कारण देखाएर पनि सवैभन्दा अपहेलित किसान वनेसम्म कृषिमा सुधार आउँदैन। आफ्नो श्रमको मुल्य आफैले तोक्न नपाउने अभागी कृषक भएसम्म जति भाषण गरेपनि कृषिवाट युवाशक्तिको पलायन रोक्न सकिँदैन्।

तराई र ठूला फाँटमा आधुनिक प्रविधिले गर्दा खेती गर्न सजिलो र कम समयमा सकिने अवस्था छ। पहाडमा भने जनशक्ति र प्रबिधिको अभावमा जमिन बाँझै रहेका छन्। काम गर्ने जनशक्ति वैदेशिक रोजगारीमा गएको र शहर बजारमा बसाइँसराइका कारण खेती गर्ने जनशक्तिको अभावमा जमिन बाँझो रहने गरेको छ। सरकारले स्वदेशमै रोजगारी दिन नसक्दा र स्वदेशमा भन्दा बिदेशमा नगई जीवन चल्दैन भन्ने मानसिकता छ। सरकारले कृषिमा दिएको अनुदान कृषकसम्म पुग्न सकेको छैन। कृषिमा आधुनिक प्रबिधि भित्र्याउन थालिएको छाआधुनिक प्रबिधिको प्रयोगले थोरै जनशक्तिले धेरै काम गर्न सक्ने भएको छासमयमै मनसुन शुरु भएको कारण धान रोपाइँ भएको छ। बाढी र पहिरोले गर्दा खेतीयोग्य जमिन बगाएको छाबाढी, पहिरो र डुबानको चुनौती खडा भएको छामौसमले साथ दिएको हुँदा रोपाइँ धमाधम भए पनि अतिवर्षाबाट हुने क्षति कम गर्न किसानलाई सल्लाह दिनु आवश्यक छ। कृषि नै धन हो भन्ने भावना जागृत गराउन सकेमा नेपाल केही वर्ष पछि धानमा आत्मनिर्भर हुन सक्छ। धान दिवस मनाउनु भनेको हिलोमा खेल्ने मात्र होईन। धानको महत्व बुझाउने, कृषि पेशा सम्मानित पेशा हो भन्ने सन्देश दिनु पनि हो। जसले अन्न उत्पादन गर्छन तिनै हाम्रा देवता हुन भन्ने सन्देश दिन सकेमा मात्र राष्ट्रिय धान दिवस मनाएको सार्थकता रहनेछ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : शत्रुको भय | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : मानसिक तनाब | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : आर्थिक समस्या | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : मन चञ्चल |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : ब्यापारमा लाभ |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

# महिला हिंसाको कारण र न्यूनीकरण

डा. डीआर उपाध्याय



महिला भएकै कारण भोग्नुपरेका विभेद, अन्याय तथा अन्य शारीरिक तथा मनोवैज्ञानिक आघात नै महिला हिंसा हो। कतिपय हिंसाहरू त यस्ता छन् जुन पीडितले आफूमाथि हिंसा भइरहेको छ भन्नेसमेत भेउ पाएका हुँदैनन्। तसर्थ विभिन्न रूपमा महिलामाथि हिंसा भएको देख्न सकिन्छ। नेपालमा पनि महिला हिंसाको घटनाहरू प्रशस्तै हुने गरेका छन्। यसको मुख्य कारण सामाजिक, सांस्कृतिक संरचना र कानुनी दुवै रहेको देख्न सकिन्छ।

बलात्कार, दाइजो प्रथा, बोक्सीको आरोप, छाउपडी प्रथालगायतका घटनाहरू सर्वत्र भइरहेका र बारम्बार दोहोरिने घटना हुन्। यसबाहेक पनि महिला हिंसाका अनेक किस्साहरू रहेका हुन्छन् जसको चर्चा कमै मात्र भएको देखिन्छ। अझ दुःखदायी कुरा त के छ भने महिलाहरू आफ्नै घरपरिवारबाट सबैभन्दा बढी हिंसाको शिकार बनेका छन्। यस्ता घटनाहरू अज्ञानताका कारण बारम्वार दोहोरिने गरेको पाइन्छ। जसमध्ये बलात्कार पनि ज्वलन्त समस्या र जघन्य अपराधका रूपमा देखा परेको छ।

कतिपय महिलाहरू आफ्नै श्रीमान्‌बाट बलात्कृत भइरहेका छन्। तर, ती अधिकांश घटनाहरू गुपचुपमै रहन्छन्। त्यसैगरी तराई मधेसमा दाइजोको कारण पनि थुप्रै महिलाहरूले शारीरिक, मानसिक यातना मात्र बेहोर्नुपरेको छैन कतिपयले त मृत्युवरणसमेत गर्नुपरेको दर्दनाक अवस्था छ। त्यसैगरी ग्रामीण भेगमा बोक्सीको आरोपमा पनि महिलामाथि दुर्व्यवहार हुने गरेको छ। कथित तल्लो जात तथा एकल महिलालाई बोक्सीको आरोप लगाएर अनेक यातना दिई मलमुत्र खुवाउनेसम्मका अति निकृष्ट क्रियाकलाप पनि हाम्रै समाजमा भइरहेका छन्। छोरा र छोरी जन्मिने प्रक्रिया र त्यसको निर्धारण पुरुष क्रोमोजोममा भर पर्ने भए पनि छोरा नजन्माएको भनेर महिलालाई नै अपमानित गर्ने गरिएको छ। यस्ता अनुचित सोच, परम्परा तथा प्रथालाई तोडेर हाम्रो समाज अगाडि बढ्नुपर्नेमा अपेक्षित प्रगति हुन सकिरहेको छैन।

अशिक्षित वर्गका त कुरा छाडौं समाजमा शिक्षित भनेर कहलिएकाहरू पनि महिला हिंसाका मतियार बनेका छन्। कुनै न कुनै किसिमले श्रीमतीभन्दा श्रीमान् श्रेष्ठ भन्ने दिमागका भित्तामा टाँसिएर बसेको हुँदा महिलाहरू पीडित बन्नुपरेको छ। पुरुषहरूमा शोषक मनोवृत्तिको 'सांस्कृतिक विरासत' पनि छ। घर परिवार मात्र होइन सार्वजनिक स्थल तथा कार्यालयमा समेत महिलाहरू असुरक्षित छन्। महिलाहरू कार्यालयमासमेत आफू सुरक्षित नभएको महसुस गर्छन्।

पुरुषप्रधान संस्कारको अवशेष बाँकी रहेकाले शिक्षित भनिएका पुरुषहरू पनि अञ्जानमा महिलामाथि हिंसा थोपरिरहेका छन्। चेतनशील महिला पनि कुनै न कुनै तरिकाबाट विभेदको शिकार हुनुपरेको छ। थुप्रै कानुनी व्यवस्था र चेतनाको विस्तारले पनि विभिन्न स्वरुपमा महिला हिंसा भइरहनु निकै गम्भीर सवाल हो। महिला हिंसा न्यूनीकरण र निर्मूल पार्ने उद्देश्यले विभिन्न संघसंस्था र अधिकारकर्मीहरू पनि सक्रिय छन्। थुप्रै बजेट खर्च गरेर विभिन्न समारोह तथा गोष्ठी पनि हुने गर्छन्। तर पनि तिनै अधिकारकर्मीहरू पनि कोही आफैं पीडक र कोही पीडित भइरहेको देख्न सकिन्छ। यस्ता गोष्ठी तारे होटलमा मात्र सिमित भएर महिला हिंसा रोकिँदैन। समाजका बस्ती बस्तीमा गएर जनचेतना जगाउने खालका कायक्रम सञ्चालन गर्नु आजको आवश्यकता देखिन्छ।

अहिले बलात्कार तथा यौनजन्य हिंसाका घटनाहरूले विकृत रूप लिइरहेको देखिन्छ। घर, कार्यस्थल, विद्यालय, बाटोघाटो, मेलापात सबैतिर महिलाले आफूलाई असुरक्षित महसुस गर्नुपर्ने अवस्था सिर्जना भएको छ। पछिल्लो समय इन्टरनेट र सामाजिक सञ्जालको दुरुपयोगले महिला हिंसालाई बढावा दिएको छ। पीडित महिलाका उजुरीका आधारमा यस्ता घटनाहरू बाहिर आउने गर्दछन्। जसमा कतिपय अपराधीहरू फेला नै पर्दैनन् र पक्राउ परेकाले पनि फितलो कानुनका कारण छिट्टै उन्मुक्ति पाउँछन्। यसले गर्दा पनि अपराधीको मनोवल बढेको देखिन्छ र यस्ता घटना बारम्बार दोहोरिने गर्छन्। महिला हिंसा रोक्न राज्य र सरोकारवाला सबै पक्ष गम्भीर बन्नुपर्ने अवस्था देखिएको छ। त्यसका लागि चेतना वृद्धि गर्ने, महिलाहरू आफ्ना अधिकारका विषयमा जागरुक बन्नुपर्ने, अन्यायको प्रतिवाद गर्ने, कडा कानुनी प्रबन्ध र त्यसको अक्षरशः कार्यान्वयन गर्नुपर्छ। कानुन संशोधन गरेर भए पनि बलात्कारी तथा अपराधीलाई हदैसम्मको कारवाही गर्ने कानुन बनाउनुपर्छ। कठोर सजाय पनि हिंसा नियन्त्रणको एउटा उपाय हो जसले अपराधीको मनोबललाई निरुत्साहित पार्दछ।

कतिपय यस्ता घटना छिपिएका र दबिएका पनि छन्। वास्तविक दोषीलाई पक्राउ गर्न पनि कठिन भएको छ। अनुसन्धान गर्ने हाम्रा नेपाल प्रहरी दक्ष नभएका होइनन्। बलात्कारको सूचना पाउँदा समयमै घटनास्थल पुग्छन। तर, परिणाम के हुन्छ भने दोषी पक्राउ परे पनि विभिन्न दबाब र प्रभावले उन्मुक्ति पाउँछ। शान्ति सुरक्षाको दायित्व लिने नेपाल प्रहरीको प्रभावकारिता अझै बढेर जानुपर्छ। कानुनको कार्यान्वयन पक्षमा अझ जोड दिनुपर्छ। जनचेतनाको अभाव र आपराधिक मनोवृत्तिका कारण यस्ता घटनाहरू बारम्वार दोहोरिरहेका हुन्छन्। अब यस्ता घटनाहरू घट्न नदिने र कथंकदाचित् भइहालेमा दोषीलाई कठोर सजाय दिलाएर अरुलाई पनि निरुत्साहित पार्नुपर्छ। अपराधीको मनोबल बढ्ने कुनै किसिमका क्रियाकलाप गर्नुहुँदैन।

नैतिक शिक्षाका माध्यमबाट पनि चरित्रवान् नागरिक तयार हुन सक्छन्। त्यसैले हाम्रो शिक्षा प्रणालीमा पनि यस्ता विषयतर्फ फेरि मनन् गर्नुपर्ने बेला आएको छ। असल र सभ्य नागरिकले नै समाजलाई अघि बढाउछ। समाजमा लुकेका र लुकाइएका हिंसाजन्य घटनाहरू प्रशस्त मात्रमा सुनिन्छन्। राज्य संयन्त्र पनि यस्ता घटनाप्रति धेरै जिम्मेवारी बन्नुपर्छ। सञ्चारमाध्यम पनि यस्ता विषयमा अझ बढी चनाखो र जिम्मेवार बन्नुपर्छ। सञ्चारमाध्यम भनेका समाजका ऐना हुन्। तसर्थ समाजमा अन्याय अत्याचारमा परेका वास्तविक तस्बिरलाई प्राथमिकताका साथ उतार्नुपर्छ।

सर्वत्र मानव सभ्यतालाई कलङ्कित र स्तब्ध पार्ने यस्ता घटनालाई सरकारले गम्भीर रूपमा लिनुपर्छ। एउटा महिलाको असल भूमिकाले राष्ट्र, समाज र घर सभ्य र सुसंस्कृत हुन्छ। महिला अधिकारसम्बन्धी कानुन बनाइएको छ तर व्यवहारमा केही लागु भएको देखिँदैन। संविधानमा मौलिक हक कार्यान्वयनका लागि तीन वर्षभित्रै कानुनी व्यवस्था गर्ने उल्लेख छ तर संविधान जारी भएको पाँच वर्षसम्म पनि कतिपय कानुन बन्न नसक्नु विडम्बना हो। महिलामाथि हुने जुनसुकै हिंसालाई पनि अपराध मानेर राज्यले तदनुकूलको कानुन निर्माण गर्नुपर्छ। महिला भएका कारण विभेद र असमानता भोग्नु नपर्ने कुरा संविधानमा लेखिएको छ। मौलिक हकअन्तर्गत 'महिलाको हक'ले महिलामाथि कुनै पनि प्रकारको हिंसाजन्य कार्य वा शोषण र लैंगिक भेदभाव नहुने, समान वंशीय र सम्पत्तिमा हक हुनेलगायत व्यवस्था गरेको छ तर तदनुकूलको कानुन आजसम्म बनेको छैन। 'महिलालाई राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने' व्यवस्था संविधानमा छ। राष्ट्रपति नै महिला भएको मुलुकमा बलात्कार, बलात्कारपछि हत्या, शारीरिक तथा मानसिक हिंसा घटनाहरूमा कमी नआउनु पनि दुखद् कुरा हो। बलात्कार, बलात्कारपछि हत्या, बोक्सीको आरोप, दाइजोका नाममा कुटपिट, एसिड आक्रमणले घाइतेलगायत महिला हिंसाका दर्जनौं घटना दैनिकजसो बढिरहेका छन्। नारी वर्गमाथि भेदभाव, शोषण र अन्याय-अत्याचार छ। महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन भेदभाव पूर्ण रूपमै निर्मूल हुनुपर्छ। राज्यका हरेक निकायमा महिलाको संख्या बढेको छ।

संघीयदेखि प्रदेश र स्थानीय तहसम्म महिलाको उपस्थिति तीव्र छ तर हिंसाका घटना किन बढिरहेका छन् ? प्रविधिको यति ठूलो विकास हुँदा पनि समस्या समाधानमा क्रियाशील नहुने हो भने महिलामाथिको विभेद कहिल्यै अन्त्य हुन सक्दैन। साइबर कानुन प्रभावकारी नबनाउने हो भने हिंसाका घटना झन् बढ्ने छन्। महिलाले पनि पुरुषसरह शैक्षिक, सामाजिक, आर्थिक र राजनीतिक अधिकार व्यावहारिक रूपमै पाउनुपर्छ। महिला हिंसा हुन नदिन गाउँगाउँमा जनचेतना फैलाउन आवश्यक छ। महिलामाथि हुने जुनसुकै हिंसालाई पनि अपराध मानेर राज्यले तदनुकूल कानुन निर्माण गर्नुपर्छ।

# रेडियो सराङ्कोटको समन्वयमा एक्सपर्टद्धारा अक्सीजन कन्सन्ट्रेटर सहित स्वास्थ सामग्री वितरण

पोखरापत्र संवाददाता
पोखरा, १४ असार

रेडियो सराङ्कोटको समन्वयमा एक्सपर्ट एजुकेसन एण्ड भिषा सर्भिस बाट प्राप्त अक्सीजन कन्सनर्टेटर मेसिन र स्वास्थ सामग्री वितरण गरिएको छ।



अष्टेलियामा मुख्य कार्यालय रहेको एक्सपर्ट मार्फत नेपालभर ५०० भन्दा बढी स्थानमा स्वास्थ्य सामग्री हरु वितरण गरिएको एक्सपर्ट का निर्देशक रमेश कुमार थापाले बताए। समाजिक उत्तरदायित्व अन्तरगत पोखरा २१ भरतपोखरी, घाचोक र सराङ्गकोटका स्वास्थय चौकी हरुमा सराङ्गकोट बहुउद्देश्यीय सहकारी संस्था बाट थप गरी स्वास्थ्य सामग्रीहरु वितरण गरिएको रेडियो सराङ्गकोटका कार्यकारी निर्देशक कृष्ण थापा ले बताए। सामाग्रीहरु सराङ्गकोट बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष प्रेम वहादुर जि. सी तथा एक्सपर्टका निर्देशक रमेश कुमार थापा संयुक्त वितरण गरेका थिए।

सराङ्गकोट वहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष प्रेम वाहदुर जि. सी को सभापत्तित्वमा भएको कार्यक्रममा एक्सपर्ट एजुकेशनका बजार प्रमुख बिष्णु गौतम प्रशासन प्रमुख माधव वास्तोला सहकारी का ब्यस्थापक सुरेन्द्र थापा सराङ्गकोट धार्मिक पर्यटन क्षेत्र समितिका उपाध्यक्ष मिन बहादुर थापा वडा सदस्य भोजकुमारी थापा लगायतले आ-आफ्नो धारणा राखेका थिए। कोरोना महामरीमा रडियो सराङ्गकोट मार्फत बिभिन्न संघ सस्थाको सहयोग, रक्तदान, स्वास्थ्य सामाग्री, खाद्य, औषधी वितरण कार्यक्रमहरुका साथ स्वास्थ्य सचेतना मुलक कार्यक्रमहरु गदै आएको छ।

# वडा कार्यालयद्धारा शिक्षकलाई अनलाइन शिक्षण तालीम

पोखरापत्र संवाददाता
स्याङ्जा, १४ असार

वालिङ नगरपालिका–१३ नम्बर वडा कार्यालयले वडाभित्र रहेका विद्यालयमा कार्यरत शिक्षकलाई अनलाइन शिक्षणसम्बन्धी तालीम सञ्चालन गरेको छ।

कोरोना सङ्क्रमणका कारण विद्यालयमा भौतिक रूपमा विद्यार्थी उपस्थित भएर पठपाठन गर्ने अवस्था नभएपछि वडा कार्यालयले विद्यार्थीको पढाइलाई ध्यानमा राखी अनलाइन कक्षाको सञ्चालन गर्न शिक्षकलाई आवश्यक तालीम सञ्चालन गरिएको वडा कार्यालयले जनाएको छ। वडाध्यक्ष आनन्द पाठकले कोरोना सङ्क्रमणको महामारी कहिले रोकिन्छ भन्ने यकिन नभएकाले विद्यार्थीको पढाइमा असर नपरोस् भनेर अनलाइनबाटै वडाभित्रका सबै विद्यालयमा पठपाठन सञ्चालन गर्ने निर्णय गरिएको बताउनुभयो। शिक्षकलाई अनलाइन प्रविधिको बारेमा तालीम दिएसँगै विद्यार्थीले सहजरूपमा आफ्नो घरमै बसेर बढ्न पाउने उहाँको भनाइ छ। वडाभित्र रहेका पाँच सामुदायिक र दुई संस्थागत विद्यालयका शिक्षकलाई पायक पर्ने विद्यालयमा तालीम दिने व्यवस्था वडा कार्यालयले मिलाएको छ भने वालिङ–१३ मा रहेको आँधीखोला बहुप्राविधिक शिक्षालयले शिक्षकलाई अनलाइन शिक्षणसम्बन्धी प्राविधिक विषयहरूमा प्रशिक्षण दिएका छन्। केही दिन पहिले कार्यालयले वडाभित्र रहेका विद्यार्थीको घरघरमा निःशुल्क इन्टरनेट जडान गर्ने निर्णय गरेको थियो।

# पहिरो पीडितलाई प्रशासनको राहत

पोखरापत्र संवाददाता
म्याग्दी, १४ असार

जिल्ला प्रशासन कार्यालय म्याग्दीले हालैको पहिरोबाट घरबास गुमाएका मालिका गाउँपालिकाका पीडितहरूलाई राहत वितरण गरेको छ।

जिल्ला प्रशासन कार्यालयका कर्मचारीहरू गाउँमै पुगेर पहिरो पिडितलाई राहत वितरण गरेका हुन्। मालिका गाउँपालिकाको निस्कोट, रुम, ओखरबोट, डाँडागाउँ र दरबाङका ३१ घरपरिवारलाई नगद राहत वितरण गरिएको प्रशासनले जनाएको छ। पाँच जनासम्म सदस्य भएको परिवारलाई प्रतिपरिवार रु १५ हजार र छभन्दा बढी सदस्य भएका परिवारलाई प्रतिपरिवार रु २० हजारका दरले राहत उपलब्ध गराइएको हो। मालिकामा कुल करिब रु छ लाख वितरण भएको छ। प्रशासनका नायब सुब्बा शिव शर्मा, पूर्ण खत्री, लीला चोखाल, आनन्द रिजाल र इलाका प्रहरी कार्यालय दरबाङका सोमबहादुर रानाको टोलीले राहत वितरणका साथै पहिरोले पुऱ्याएको क्षति र जोखिमको बारेमा जानकारी लिएको छ। प्रमुख जिल्ला अधिकारी गणेशबहादुर अधिकारीको अध्यक्षतामा जिल्ला विपद् व्यवस्थापन समितिको पछिल्लो पटक बसेको बैठकले पहिरोमा घर भत्किएका, पुरिएका, बगेका र क्षति पुगेकाहरूलाई राहत वितरण गर्ने निर्णय गरेको थियो। अन्य पालिकाहरूमा पनि राहत वितरण भइरहेको प्रशासनले जनाएको छ।

# बुधबारदेखि भारी वर्षा हुने

रासस
काठमाडौं, १४ असार

जल तथा मौसम विज्ञान विभागले आगामी बुधबारदेखि मनसुन थप सक्रिय हुने प्रक्षेपण गरेको छ। देशको पूर्वी तथा मध्यभागमा बुधबारदेखि मनसुनी गतिविधि बढ्ने विभागले जनाएको छ।

विभागका वरिष्ठ मौसमविद् मीनकुमार अर्यालले अहिले अलि-अलि मात्र सक्रिय मनसुन आगामी बुधबार मध्याह्नदेखि देशको पूर्वी तथा मध्य भू-भागहरूमा सक्रिय भएर वर्षा हुने सम्भावना देखिएको बताउनुभयो। उहाँका अनुसार अब सक्रिय हुने मनसुनले प्रदेश १, प्रदेश २, वाग्मती र गण्डकी प्रदेशका अधिकांश भागमा भारी वर्षा गराउन सक्छ। यी क्षेत्रमा बाढी र पहिरोको सम्भावना रहेकाले त्यहीअनुरूप पूर्वतयारी गर्न पनि विभागले आग्रह गरेको छ। अहिले देशभर सामान्यदेखि पूर्ण बदली भइरहेको छ। प्रदेश १ र गण्डकी प्रदेशका थोरै स्थानमा भने पानी परिरहेको जनाइएको छ।

# बाँझो जग्गा कृषि वनका रुपमा परिणत हुँदै

हरि बास्तोला
पोखरा, १४ असार

पोखरा महानगरपालिका वडा नं. १६ अर्मलास्थित कुरदेखि पात्लेसम्मको क्षेत्रलाई कृषि वनका रुपमा प्रवर्द्धन तथा विस्तार गर्ने अभियान थालिएको छ।

परम्परागत खेतीले लागत बढ्ने र उत्पादन कम हुने गरेको वास्तविकतालाई दृष्टिगत गर्दै डिभिजन वन कार्यालय कास्की र स्थानीय समुदायको समन्वयमा सो क्षेत्रलाई कृषि वनका रुपमा प्रवर्द्धन गर्न लागिएको हो।



लामो समयदेखि बाँझीएको सो क्षेत्रको पाँच सय रोपनी क्षेत्रफलको निजी जग्गामा अलैंची, कागती, टिमुर, निवुवा, कफि , सुन्तला, पाउलोनिया, आँप, एभोकाडो, किवी, लिचि, तेजपात,अनार, लगायतका एक लाख भन्दा बढी विरुवा रोपिएको छ । कृषि वन कार्याक्रम पकेट क्षेत्र अर्मला डिही अलैंची कृषक समूहका अध्यक्ष लालशोभा गुरुङका अनुसार नेपाल सरकारको बृक्षारोपण १० बर्षे रणनीति अनुसार २०७३ सालमा पाँच हजार अलैंचीका विरुवा रोपेर अभियान शुरु गरिएको हो । कुरदेखि, डिही, लप्सीबोट (रघु) हुँदै पात्लेसम्म ३२ घरपरिवारको पाँच सय रोपनी जग्गामा प्रत्येक बर्ष बिभिन्न प्रजातिका विरुवा क्रमिकरुपमा रोप्दै आएको उहाँले बताउनुभयो । साविकको अर्मलाको पूरै क्षेत्रलाई कृषि वनमा परिणत गर्ने लक्ष्य समूहले लिएको छ। डिभिजन वन कार्यालय कास्कीले निशुल्क विरुवा उपलव्ध गराउनुका साथै ढुवानीको समेत व्यवस्था एवम् खाल्टा खन्न समेत आर्थिक सहयोग गर्दै आएपति स्थानीयवासी कृषकहरु आफ्नो जग्गालाई कृषि वनका रुपमा विकास गर्न उत्साहीत भएको समूहका सचिव जितबहादुर बस्नेतले बताउनुभयो । "बाँझीएर जङगतमा परिणत भएको निजी जग्गामा लामो समयसम्म आम्दानी लिन सकिने र वातावरणमैत्री कृषि वनको रुपमा विकास गर्ने अभियानमा जुटेका छौं", उहाँले भन्नुभयो, "शुरुका दिनमा लगाएको अलैंची र टिमुरका बोटले उत्पादन दिन थालेका छन् ।" सो क्षेत्रमा छ बर्षको अवधिमा कूल ३५ हजार अलैंची, १० हजार कफी, एक हजार सात सय टिमुर, दुई हजार ५०० एभोकाडो, किवी एक सय,अम्वा दुई हजार, आँप एक हजार, लप्सी पाच सय, कुरीलो दुई सय र ठूलो परिणाममा राईखनियो,इपिलइपिल, पाउलोनिया लगायतका डालेघांसका विरुवा रोपिएको उहाँले बताउनुभयो । वन कार्यालयले खाल्टा खन्नको लागि समूहलाई हालसम्म तीन लाख १५ हजार रुपैया उपलव्ध गराएको सचिव बस्नेतले राससलाई बताउनुभयो । कृषकले रोपिएका विरुवाको संरक्षणका साथै प्रत्येक बर्ष गोडमेल समेत गर्दै आएका छन्। समुन्द्री सतह एक हजार एकसयदेखि एक हजार तीनसयसम्मको उचाईमा रहेको सो क्षेत्रका कृषकहरु दवदवे हिलोमा खेत रोप्ने बेला बाँझो जग्गामा वृक्षारोपणका लागि झाडी फाडने, खाल्टा खन्ने र बृक्षारोपणमा व्यस्त देखिएका छन् । यसै गरी वृक्षारोपण दिवस २०७८ को अवसरमा आज पोखरा १६ अर्मलास्थित लस्सीबोटमा जडिबुटी प्रजातिको टिमुरको विरुवा रोपियो । कृषि वन कार्यक्रम पकेट क्षेत्र अर्मला डिही अलैंची कृषक समूहको आयोजना एवम् डिभिजन वन कार्यालय कास्की कृषि वन प्रवर्द्धन तथा विस्तार कार्यक्रमको आर्थिक सहयोग वृक्षारोपण कार्यक्रमको आयोजना गरिएको हो ।

गण्डकी प्रदेश वन, वातावरण तथा भूसंरक्षण मन्त्रालयका सचिव डा. महेश्वर ढकालले टिमुरको विरुवा रोपेर सो कार्यक्रमको शुभारम्भ गर्दै रोपिएका विरुवाको उचित संरक्षण गरेर बढी भन्दा बढी फाईदा लिन स्थानीयवासीलाई आग्रह गर्नुभयो। सो क्षेत्रमा यस बर्ष १५ हजार अलैंची, १२ हजार टिमुर, पाँच हजार कफि, कुरीलो दुई सय ५० र अन्य अम्वा, आँप, अनार, लिची, कागती र डालेघाँस गरि कूल ३३ हजार विरुवा रोप्ने कार्यक्रम रहेको छ । वृक्षारोपण कार्यक्रममा पोखरा १६ का वडाअध्यक्ष जीवन आचार्य, वन निर्देशक केदारनाथ पौडेल, डिभिजन वन कार्यालय कास्कीका प्रमुख केदार बराल, सामुदायिक वन उपभोक्ता महासंघ नेपालका केन्द्रीय सदस्य हरिप्रसाद बास्तोला, सव डिभिजन वन कार्यालय कुँडरका ममता शर्मा, लगायत स्थानीय वासिन्दाको सहभागिता रहेको थियो।

# रोटरी क्लब अफ पोखरा लेकसाइडद्वारा पुतली गायकलाई आवास प्रदान

पोखरापत्र संवाददाता
पोखरा, १४ असार

आर्थिक विपन्नताका कारण ओत लाग्ने छानो समेत नपाएकी पुतली गायकलाई रोटरी क्लब अफ पोखरा लेकसाइडले नयाँ आवास निर्माण गरी प्रदान गरेको छ।



पोखरा १६ गायकटोलमा उनलाई नवनिर्मित आवास हस्तान्तरण गरिएको हो । क्लबका अध्यक्ष अर्जुन खनालले पुतली गायकको अवस्था पत्तो पाएपछि लगत्तै क्लबको बैठकबाट पारित गराई मेम्बरहरुको आर्थिक संकलनमा आवास निर्माणको कामले सार्थकता पाएको बताए।

क्लबले उक्त आवास निर्माणको लागि १ लाख ४५ हजार रुपैयाँ खर्चिएर आवासको छानो हालिएको अध्यक्ष खनालले जानकारी दिए । 'ओत लाग्ने छानोसम्म नपाएको परिवारले अन्य सूरक्षा कसरी प्राप्त गर्न सक्छ र भन्ने अनुभत भयो,' खनालले भने, 'अब आवास दिन सकियो, दैनिकी गर्जो टार्न आर्थिक उपार्जन पनि दिन सकिनेबारे हामी सोच्ने छौं ।' आवास निर्माणमा रोटरी क्लब, लायन्स क्लब लगायत अन्य सामाजिक संस्थाहरुले सघाएका हुन्। पुतली गायक बोल्न सक्दिनन्। उनीसँगै परिवारमा तीन छोरा र दुई छोरी आश्रित छन् । उनी एकल महिला हुन् । उनको अवस्थालाई देखेर सहयोग पुऱ्याएका सामाजिक संस्थाहरुलाई वडाध्यक्ष जीवन आचार्यले धन्यवाद व्यक्त गरे।

कार्यक्रममा रोटरी क्लबका सदस्य ऋषिराम सापकोटाले गायकका छोराछोरीलाई एलएन्जल्स माविमा १० कक्षासम्म निशुल्क पढाइदिने प्रतिबद्धता जनाए । आवास निर्माणका संयोजक तथा रोटरी क्लबका कोषाध्यक्ष कृष्णबहादुर थापाले सहयोगको अपिल आएको एकहप्तामै योजनाले मूर्त रुप लिएको जानकारी दिए।

कार्यक्रममा रोटरी क्लब पोखरा लेकसाइडका आगामी वर्षका अध्यक्ष हुम आले, प्रेसिडेन्ट नोमिनी डा वीरबहादुर कार्की, सचिव टोपबहादुर थापा सहित क्लबका अन्य सदस्यहरु इञ्जिनियर राजेन्द्र लिगल, राजन कुमाल, उपेन्द्र अधिकारी, राममणि पौडेल, रोटट्र्याक्ट जोन फोरका जेडआरआर तथा सोही क्लबका सदस्य विश्वदर्शन पराजुली लगायत सहभागी थिए।

# होमस्टे प्रवर्द्धनका लागि पदमार्ग

पोखरापत्र संवाददाता
बलेवा, १४ असार

कतिपय स्थानमा होमस्टे (घरबास) प्रवर्द्धनको बजेटबाट घर बनाउने, घरभित्रका सामान किन्नमा खर्च भएको सुन्नमा पाइन्छ तर काठेखोला गाउँपालिका-७ रेशमा सामूहिक हित र पर्यटन प्रवर्द्धनका लीग बजेट लगानी गरिएको छ।

रेशस्थित डोटे देउराली होमस्टे प्रवर्द्धनका लागि पर्यटकीय स्थान संरक्षण र पदमार्ग निर्माण गरिएको छ। रेशस्थित माहुरी झरनामा जाने झण्डै एक किमी लामो पदमार्ग निर्माण गरिएको हो। उक्त पदमार्ग बनेपछि स्थानीयवासीले झरनामा पुगेर घुम्ने क्रम शुरु भएको छ । गण्डकी प्रदेशको पर्यटन मन्त्रालयले दिएको रु१० लाख र अन्य स्रोत समेत परिचालन गरेर रु १५ लाखमा उक्त पदमार्ग निर्माण भएको वडाध्यक्ष प्रेम लामिछानेले बताउनुभयो। यो पदमार्गबाट झरनामा पुगेपछि सानो टहरा र फलामे पुलसमेत बनाइएको छ । घुम्न गएकाहरूले यो पुल तरेर वारि र पारिको दृश्यावलोकन गर्न सक्छन् । "शीतल र आनन्द लाग्ने स्थान रहेछ, यो वनभोज जानेका लागि पनि उपयुक्त स्थान हो", वडासदस्य कृष्णबहादुर थापाले भन्नुभयो, "वडाध्यक्षले यस्ता महत्वपूर्ण स्थान हेरेर सही लगानी गर्नुभएको रहेछ।" आगामी हिउँदमा वनभोज स्थलसमेत राख्ने योजना लामिछानेले सुनाउनुभयो। डोटे देउरालीमा आठ घर होमस्टे छन्। जिल्ला र बाहिरबाट आएका २० जनासम्मको समूहलाई जैविक खाना खुवाएर राख्न सक्ने गरी यो होमस्टे निर्माण भएको हो । "घर सरसफाइ, जैविक खाना र शुद्ध पानीको व्यवस्था घरघरमै भएको छ", लामिछानेले भन्नुभयो, "एक दिने घुमाइका लागि आउनेलाई पनि यो राम्रो गन्तव्य बन्छ भनेर लगानी गरियो।" होमस्टेबाट धौलागिरि र माछापुच्छ्रे हिमाली शृङ्खला पनि देख्न सकिन्छ।

पर्यटन प्रवर्द्धनकै लागि होमस्टे नजिकै मदन भण्डारी पार्कसमेत निर्माण भएको छ। घुम्न आएका पाहुनाहरू यहाँ बसेर हिमाली दृश्य र रेशका अधिकांश बस्ती हेर्न सक्छन् । यहाँबाट बिहुँ, भीमापोखरा, पञ्चकोटसहितका क्षेत्र देखिन्छ। वडाको बजेटबाट गत वर्ष बनाइएको यो पार्क सम्पन्न गर्न रु पाँच लाख मात्रै खर्च भएको लामिछानेले जानकारी दिनुभयो।

"बिहान बेलुकी काम गरेर थाकेका स्थानीयवासीले थकाइ मार्न पनि पार्क पुग्ने गर्छन्", स्थानीयवासी रनमाया थापाले भन्नुभयो, "यो पार्कले गाउँको मुहारै फेरिदिएको छ।" यहाँ कम्पाउण्ड तारबार लगाएर घेरिएको छ । बीचमा पोखरी र पानीको फोहोरा राखिएकोले धेरैको आर्कषक बनेको हो । राष्ट्रिय झण्डा राखिएकोले फोटो खिच्नेका लागि पनि उपयोगी भएको छ। वडाभित्रका पर्यटकीय गन्तव्य, मठमन्दिर र गाउँ जोड्ने पदमार्ग र सडकहरू स्तरीय बनाउनसमेत वडाले लगानी गरेको छ। सबै टोलमा पुग्ने स्तरीय सडक बनाइएकोले बर्सातमा पनि नियमित सवारी साधन सञ्चालन भएको लामिछानेले बताउनुभयो।

# तनहुँमा विकास बजेटको खर्च निराशाजनक

पोखरापत्र संवाददाता
दमौली, १४ असार

तनहुँमा विकास बजेटका लागि विनियोजित बजेटको खर्च अवस्था निराशाजनक रहेको पाइएको छ।

सरकारले चालू आवका लागि पूँजीगततर्फ तनहुँलाई रु तीन अर्ब ४४ करोड ४९ लाख ६७ हजार विकास बजेट विनियोजन गरे पनि असार पहिलो हप्तासम्म २५ प्रतिशत मात्रै बजेट खर्च भएको छ । कोष तथा लेखा नियन्त्रक कार्यालयका अनुसार यस अवधिमा कूल विकास बजेटमध्ये रु ८७ करोड ७५ लाख ६० हजार ९६४ मात्रै खर्च भएको छ। कोष नियन्त्रक विनोद भट्टराईका अनुसार असारमा खर्च विवरण बढ्ने भएकाले यो प्रतिशत थप केही बढ्नेछ। "अन्य महिनाको तुलनामा असारमा विकास बजेटको खर्च बढ्ने भएकाले खर्च ५० प्रतिशतसम्म पुग्न सक्ने अनुमान छ", उहाँले भन्नुभयो।

तनहुँमा गत वर्ष सङ्घीय सरकारको ५४.६३ प्रतिशत मात्रै विकास बजेट खर्च भएको थियो। गत वर्ष र यस वर्ष विकास बजेट खर्च हुन नसक्नुको मुख्य कारण कोरोना महामारी हो । यसका अलवा राजनीतिक सङ्कट तथा प्राविधिक कर्मचारीको अभावले गर्दा पनि विकास बजेट खर्च हुन नसकेको भट्टराईले बताउनुभयो। चालुतर्फ भने ९०.११ प्रतिशत बजेट खर्च भएको छ। चालुतर्फ तनहुँमा रु सात अर्ब ९० करोड ९० लाख ७८ हजार ५७७ विनियोजन भएकामा रु सात अर्ब १२ करोड ७० लाख १३ हजार एक सय खर्च भइसकेको छ।

यसैगरी गण्डकी प्रदेश सरकारबाट विनियोजित विकास बजेटमध्ये ४८.४६ प्रतिशत खर्च भएको छ। चालु आवका लागि प्रदेश सरकारबाट पूँजीगततर्फ रु दुई अर्ब ४० करोड ४८ लाख ४१ हजार ७२ विनियोजन भएकामा रु एक अर्ब १६ करोड ५३ लाख ४५ हजार ७६३ खर्च भएको कार्यालयले जनाएको छ। सोही अवधिमा चालुतर्फ रु ८८ करोड ५० लाख ६३ हजार विनियोजन भएकामध्ये रु ५४ करोड ८२ लाख १७ हजार २२१ खर्च भएको छ।

गत वर्ष सङ्घ र प्रदेश सरकार मातहतका कार्यालय गरी ८४.७८ बजेट खर्च भएको थियो। सङ्घ मातहतका कार्यालयले चालुतर्फ ९४.६५ र पूँजीगततर्फ ५४.६३ प्रतिशत रकम खर्च गरेका थिए भने प्रदेश सरकार मातहतका कार्यालयले चालुतर्फ ७०.११ र पूँजीगततर्फ ७७.९ प्रतिशत बजेट खर्च गरेका थिए। सङ्घ सरकार मातहत कार्यालयका लागि उक्त वर्षमा रु नौ अर्ब ८७ करोड ३७ लाख १७ हजार २७७ र प्रदेश सरकार मातहत कार्यालयका लागि रु दुई अर्ब ६३ करोड ६६ लाख ७० हजार ९६१ बजेट विनियोजन गरिएको थियो । आर्थिक वर्षको अन्त्यमा आएर मात्रै विकास निर्माण गर्ने प्रचलन रहँदै आएको छ । यसले विकासको काम गुणस्तरीय नहुने चिन्ता थपिएको छ । सङ्घ सरकार मातहत तनहुँमा रहेका कार्यालयले गत वर्षको असारमा मात्रै पूँजीगततर्फ विनियोजित बजेटको २० प्रतिशत रकम खर्च गरेका थिए। उक्त वर्ष असारमा मात्रै रु ३७ करोड ८९ लाख ९० हजार ३५२ खर्च भएको थियो।

# ब्याड बोका वितरण

पोखरापत्र संवाददाता
गोरखा, १४ असार

खाद्य तथा पोषण सुरक्षा आयोजना कलष्टर एकाइले मासुको उत्पादन बढाउनका लागि व्यावसायिक कृषक समूहलाई अनुदानमा उन्नत जातका ब्याड बोका वितरण गरेको छ।

एकाइले दुई स्थानीय तहलाई मल्टिप्लाई हर्ड स्थापना गर्ने कार्यक्रमअन्तर्गत उन्नत जातका ब्याड बोका वितरण गरेको कार्यालय प्रमुख वरिष्ठ कृषि अधिकृत दुर्गाप्रसाद पण्डितले जानकारी दिनुभयो । एकाइले गोरखाको बारपाक सुलिकोट गाउँपालिकास्थित हुडीखोला कृषक समूह र धादिङको बेनिघाट रोराङ्ग गाउँपालिकास्थित सातलेदेवी कृषक समूहलाई दुई/दुई बोयर जातका ब्याड बोका वितरण गरेको उहाँले बताउनुभयो । बाख्रा अनुसन्धान केन्द्र बन्दीपुरबाट खरीद गरेर ८५ प्रतिशत अनुदानमा चालू आवको कार्यक्रमअन्तर्गत दुई कृषक समूहलाई ब्याड बोका वितरण गरिएको उहाँले जानकारी दिनुभयो । "अनुदानमा उपलब्ध गराइएको ब्याड बोका १६ देखि २५ किलोसम्म तौल रहेका छन्", कृषि अधिकृत पण्डितले भन्नुभयो, "उमेरका हिसाबले सबै तीनदेखि चार महिनासम्मका हुन्, यो छिटो बढ्ने र तौल बढी हुने भएकाले मासु उत्पादनमा समेत वृद्धि हुन्छ।"

अनुदानमा ब्याड बोका उपलब्ध गराइएका कृषक समूहले अनुदानको सही सदुपयोग भएको वा नभएका बारेमा समेत अनुगमन गरिने उहाँको भनाइ छ । "किसानको आयआर्जन वृद्धिका लागिमात्र नभई मासुलाई उत्पादनमा बढाउँदै मासुमा आत्मनिर्भर बनाउनका लागि यो कार्यक्रम प्रभावकारी छ", पण्डितले भन्नुभयो, "कृषकले अनुदानसहित सदुपयोग गरे सरकारको लक्ष्य पनि पूरा हुँदै जानेछ, कृषक पनि बिस्तारै आत्मनिर्भर बन्दै जानेछन् ।" एकाइले उन्नत जातको ब्याड बोका लगाएपछि कृषक समूहमा भएका परिवर्तनलगायतका विषयमा रेर्कडसमेत राख्ने उहाँले जानकारी दिनुभयो। कार्यक्रमअन्तर्गत एकाइले खोर निर्माण, घाँसको बीउ वितरण, दाना व्यवस्थापनलगायत कार्यबाट किसानलाई सहजीकरण गर्दै आएको छ।

# प्रि एडभाईजरी कमिटी मिटिङ

पोखरापत्र संवाददाता
पोखरा, १४ असार

लायन्स क्लव ३२५ वि १ नेपालको क्लष्टर ५, रिजन ९ अन्तर्गत जोन १७ को प्रि एडभाईजरी कमिटी मिटिङ सम्पन्न भएको छ।



कार्यक्रममा लायन्स क्लब अफ हेमजाका अध्यक्ष प्रकाश पौडेल, लायन्स क्लब अफ पोखरा लालिगुँरासका अध्यक्ष कपिलदेव शर्मा, लायन्स क्लब अफ पोखरा नर्थका अध्यक्ष विजयराज तिम्सिना लायन्स क्लब अफ लेखनाथ कवी शिरोमणिका अध्यक्ष राजुप्रसाद तिवारीले क्लबले गर्ने वर्षभरीका योजना प्रस्तुत गरेका थिए । उक्त अवसरमा लायन्स क्लब अफ पोखरा सेतो गुँरास नामक नयाँ क्लब पनि घोषणा गरिएको थियो । जसको संस्थापक अध्यक्षमा वसन्तराज बास्तोला रहनुभएको छ।

कार्यक्रममा बोल्दै लायन्स क्लब ३२५ वि १ नेपाल वेलफेयर बैंक चिफ मिलन थापाले आफ्नो पदियो दायित्वमा रहेर काम गर्ने क्लब सफल हुने बताउनुभयो। एलसिआईएफ डिष्ट्रिक कोर्डिनेटर मोति तिमिल्सिनाले दुःखी पिडितलाई सहयोग गर्दा आत्मासन्तुष्टि मिल्ने बताउनुभयो । जोन १७ का जोन चेयरपर्सन केशवशरण पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा क्लष्टर चिफ पुरुषोत्तम पराजुली, रिजन चेयरपर्सन जीवन गोर्खाली, जोन चेयरपर्सन युवराज बोहोरा, जोन १७ का मिडिया कोर्डिनेटर प्रकाशचन्द्र सापकोटा लायन्स क्लब अफ पोखरा लालिगुँरासका निर्वतमान अध्यक्ष भरतराज अधिकारी, लायन्स क्लब अफ हेमजाका सचिव सन्तमान श्रेष्ठले बोलेका थिए।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्म:
वि. स. २०१५/०७/०७ गते

स्वर्गारोहण:
वि.स. २०७८/०३/०३ गते

स्व: साबित्री अधिकारी

हाम्रा आदरणीय मित्र पोखरा महानगरपालिका वडा नं २७ निवासी ज्ञानेन्द्र अधिकारीकी धर्मपत्नी यस पोखरा महानगरपालिका वडा नं १० का कर्मचारी लक्ष्मी अधिकारी तथा नारायण अधिकारी, शोभा, बसन्तीका ममतामयी माता मृदुभाषी समाजसेवी **साबित्री अधिकारी** को ६३ वर्षको उमेरमा भएको असामयीक स्वर्गारोहणले हामी वडा नं १० परिवार अति मर्माहत भएका छौं। यस दुखद घडिको आज १३ औ दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरून् भनि हार्दिक श्रद्धाञ्जलीका साथ समवेदना प्रकट गर्दछौं।

**राज कुमार गुरुङ**
**अध्यक्ष एवं**
**वडा सदस्यहरू, वडाका कर्मचारीहरू, शहरी स्वास्थ्य सेवा केन्द्रका कर्मचारीहरू तथा**
**पोखरा महानगरपालिका वडा नं. १० परिवार पोखरा**